# Non–credit Course सञ्चालनसम्बन्धी कार्यविधि २०८१

सुदूरपश्चिम विश्वविद्यालय

टीकापुर बहुमुखी क्याम्पस

टीकापुर, कैलाली

मिति २०८१/६/१८ गते को क्याम्पस प्रशासनिक बैठकद्वारा स्वीकृत।

Tikapur Multiple Campus
Tikapur, Kailali

(१-३)

Scanned with CamScanner

# Non–credit Course सञ्चालनसम्बन्धी कार्यविधि २०८१

सुदूरपश्चिम विश्वविद्यालय टीकापुर बहुमुखी क्याम्पस, टीकापुर कैलालीमा विद्यार्थीहरूको सिप, क्षमता तथा व्यावहारिक ज्ञान अभिवृद्धिगर्नका लागि Non–credit Course सञ्चालन गर्न आवश्यक देखिएकाले Non-credit Course सञ्चालनसम्बन्धी कार्यविधि -२०८१ निर्माण गरी लागु गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ** : यस कार्यविधिको नाम टीकापुर बहुमुखी क्याम्पसको Non-credit Course सम्बन्धी कार्यविधि-२०८१ रहने छ र यो क्याम्पसको प्रशासनिक समितिले स्वीकृत गरेको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषा**

क. 'कार्यविधि' भन्नाले यस टीकापुर बहुमुखी क्याम्पसको Non-credit Course सञ्चालनसम्बन्धी कार्यविधिलाई सम्झनुपर्दछ ।

ख. 'विश्वविद्यालय' भन्नाले सुदूरपश्चिम विश्वविद्यालयलाई सम्झनुपर्दछ ।

ग. 'क्याम्पस' भन्नाले टीकापुर बहुमुखी क्याम्पसलाई सम्झनुपर्दछ ।

घ. 'प्रशासनिक समिति' भन्नाले क्याम्पसको आन्तरिक कार्यव्यवस्थापनसम्बन्धी कार्यविधि–२०७८ लाई सम्झनुपर्दछ

ङ. 'Non-credit Course' भन्नाले विश्वविद्यालयका Credit Course बाहेकका विषयमा क्याम्पसले निर्धारण गरेको पाठ्यवस्तुलाई सम्झनु पर्नेछ ।

च. 'प्राध्यापक' भन्नाले यस क्याम्पसमा अध्यापन गर्ने शिक्षकलाई जनाउनेछ ।

छ. 'कर्मचारी' भन्नाले यस क्याम्पसमा कार्यरत कर्मचारीलाई जनाउनेछ ।

ज. विद्यार्थी भन्नाले यस टीकापुर बहुमुखी क्याम्पसमा अध्ययनरत विद्यार्थी तथा पाँच वर्षभित्रका पूर्व विद्यार्थीसमाज, टीकापुर बहुमुखी क्याम्पसका सदस्य विद्यार्थीलाई सम्झनु पर्नेछ ।

झ. 'आन्तरिक स्रोतव्यक्ति' भन्नाले यस क्याम्पसका प्राध्यापक तथा कर्मचारीलाई जनाउने छ ।

ञ. 'बाह्य स्रोतव्यक्ति' भन्नाले अन्य क्याम्पस वा विश्वविद्यालयका प्राध्यापक, कर्मचारी वा सम्बन्धित क्षेत्रका विज्ञहरूलाई सम्झनुपर्नेछ ।

ट. 'क्रेडिट आवर' भन्नाले पाठ्यभारलाई सम्झनु पर्नेछ र प्रतिक्रेडिट आवरमा १६ घण्टाको पाठ्यभारलाई मानिनेछ ।

२०८१/६/१८

Tikapur Multiple Campus
Tikapur, Kailali



Scanned with CamScanner

ठ. 'पाठ्यक्रम' भन्नाले क्याम्पसले Non- credit Course का रूपमा लागु गरेको पाठ्यक्रमलाई सम्फनुपर्दछ ।

ड. 'केन्द्र' भन्नाले क्याम्पसको आन्तरिक कार्यव्यवस्थापनसम्बन्धी कार्यविधि–२०७८ अनुसार यस क्याम्पसमा गठित व्यावसायिक तथा अनवरत शिक्षा केन्द्रलाई सम्फनु पर्दछ ।

### ३. Non-credit Course सञ्चालन प्रक्रिया

क. क्याम्पसप्रमुख वा प्रशासनिक समितिले Noncredit Course सम्बन्धी आवश्यकता हेरी एक वा एकभन्दा बढी विज्ञको समूहलाई पाठ्यक्रम तयार गर्न जिम्मा दिनेछ ।

ख. विज्ञद्वारा तयार पारिएको पाठ्यक्रमलाई सम्बन्धित पक्षहरूका बिच छलफल तथा प्रोबोधीकरण गरिनेछ ।

ग. अन्तिम रूपमा तयार पारिएको पाठ्यक्रमलाई प्रशासनिक समितिको बैठकद्वारा स्वीकृत गरिनेछ ।

घ. स्वीकृत गरिएको पाठ्यक्रम अनुसार Noncredit course को सञ्चालन गर्न व्यावसायिक तथा अनवरत शिक्षा केन्द्रलाई जिम्मेवारी दिइनेछ ।

ङ. विद्यार्थीहरूलाई सूचना सम्प्रेषित गरी विद्यार्थी छनोट गर्नुपर्नेछ । यसरी छनोट गर्दा मापदण्ड तयार गर्न सकिनेछ ।

च. कक्षा सञ्चालन गर्दा कम्तीमा ३० र बढीमा ४० जनाविद्यार्थीहरूको एउटा समूह बनाउनुपर्नेछ ।

छ. कुनै एक विषयको Non-credit Course कम्तीमा तीन Credit Hour (48 घण्टा) को हुनुपर्नेछ ।

ज. अध्यापनका लागि आन्तरिक र बाह्य स्रोतव्यक्तिहरूको व्यवस्था गर्नुपर्ने छ ।

झ. स्रोत व्यक्ति तथा विद्यार्थीहरूको हाजिरी कक्षागत रूपमा अभिलेख गर्नुपर्नेछ ।

ञ. कक्षा समापन भइसकेपश्चात विद्यार्थीहरूको मूल्याङ्कन गर्न परीक्षा लिइने छ ।

ट. मूल्याङ्कनपश्चात विद्यार्थीहरूलाई प्रमाणपत्रको व्यवस्था गरिनेछ ।

ठ. Non Credit Course को कक्षा समापनपश्चात केन्द्रले प्रतिवेदन तयार पारी क्याम्पस प्रशासनसमक्ष पेस गर्नुपर्नेछ ।

### ४. आर्थिक पक्ष

क. एउटा विषयको पाठ्यक्रम तयार पार्दा विश्वविद्यालयको नियमानुसार रु. १२०००/- (अक्षरेपी बाह्र हजार) विज्ञलाई उपलब्ध गराइने छ ।

ख. पाठ्यक्रम परिमार्जन गर्दा एउटा विषयको रु.३०००/- (अक्षरेपी तीनहजार) उपलब्ध गराइनेछ ।

२०७९/३/१८

Far Western University
Tikapur Multiple Campus
Tikapur, Kailali

Scanned with CamScanner

ग. कक्षामा अध्यापन गराएवापत क्याम्पसले आन्तरिक स्रोत व्यक्ति वा नियमित शिक्षकलाई विश्वविद्यालयले प्रदान गर्ने स्नातकतहको पाठ्यभारअनुसारको पारिश्रमिक उपलब्ध गराउनेछ।

घ. बाह्य स्रोत व्यक्ति वा अतिथि प्राध्यापकलाई विश्वविद्यालयको नियमानुसार दैनिक भ्रमणभत्तासहित बाह्य स्रोत व्यक्तिले पाउने पारिश्रमिक बराबरको रकम उपलब्ध गराइने छ।

ङ. व्यावसायिक तथा अनवरत शिक्षाकेन्द्रलाई प्रत्येक Non -Cradit Course कक्षा सञ्चालन तथा व्यस्थापन गरेवापत बढीमा ४ वटा बैठकको नियमानुसार पाउने भत्ता उपलब्ध गराइने छ।

च. कक्षा समापनपछि प्रतिवेदन तयार गरेवापत प्रतिवेदनको प्रकृति हेरी बढीमा रु. ५०००। (अक्षेरुपी पाँचहजार) उपलब्ध गराइने छ।

छ. मसलन्द, अतिथिसत्कार, चियानास्ताजस्ता विविध खर्चहरू क्याम्पसद्वारा विश्वविद्यालयको ऐन नियमअनुसार व्यवस्था गर्नेछ।

**५. विविध**

क. यस कार्यविधिमा उल्लेख नभएका कुराको हकमा क्याम्पस तथा विश्वविद्यालयको ऐन नियम बमोजिम हुनेछ।

ख. यस कार्यविधिमा उल्लेख गरिएका बुँदाहरू विश्वविद्यालयका ऐन-नियमसँग बाझिएमा बाझिएको हदसम्म स्वतः खारेज भएको मानिनेछ।

ग. यस कार्यविधिको व्याख्या क्याम्पस प्रशासनले गर्ने छ।

***

Tikapur Multiple Campus
Kailali

Scanned with
CamScanner